# आकाशवाणी समाचार- नेपाली

मितिः २० अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

## मुख्य समाचार

- आज देश विदेशमा प्रकाशको पर्व दिपावाली परम्परागत ढंगमा हर्ष उल्लासका साथ धुमधामले मनाइँदैछ। राष्ट्रपति द्रौपदी मुर्मु, उप-राष्ट्रपति सी.पी.राधाकृष्णन तथा प्रधानमंत्री नरेन्द्र मोदीले मानिसहरूलाई बधाई र शुभकामना दिनु भएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले देशका नागरिकहरूलाई स्वदेशी उत्पादहरू खरिद गरीर चाडपर्वहरू मनाउने तथा 1.4 अर्ब भारतीयहरूको कडा परिश्रमको सम्मान गर्ने आह्वान गर्नुभएको छ।
- हिजो साँझ अयोध्यामा छोटी दिवालीको अवसरमा 26 लाख भन्दा बढी दियो बालेर फेरी एउटा अर्को विश्व कीर्तीमान कायम गरिएको छ।
- अमेरिकाका ५० राज्यहरूमा 70 लाख भन्दा बढी मानिसहरू राष्ट्रपति डोनाल्ड ट्रम्प विरूद्द नो किंग्स आन्दोलन गर्दै व्यापक प्रदर्शन गरे।
- एशियाली युवा खेलमाए भारतकी 15 वर्षीय ख़ुशीले कांस्य पदक जितेकी छन्।

## दीपावली

आज देशभरी प्रकाशको पर्व दीवाली परम्परागत ढंगमा हर्ष उल्लासका साथ धुमधामले मनाइँदैछ। अन्धकार माथि प्रकाशए नराम्रो माथि राम्रो र अज्ञान माथि ज्ञानको विजयको प्रतीक मानिने यो पर्व विश्वभरीका सनातनीहरूले मनाउने गर्दछन्। अहिले घरी अमेरीका युरोप देखि लिएर अफ्रिका र अस्ट्रेलियाइ देशहरूमा पनि प्रकाश पर्व दिवाली मनाइन्छ। आज देश विदेशका सबै मठ-मन्दिरहरूए घर-आंगनहरू र अन्य सार्वजनिक स्थानहरूलाई सजाइको छ र झिलीमिली पारिएको छ। यस अवसरमा मानिसहरूले धनकी देवी लक्ष्मीको विशेष पूजा अर्चना गर्दछन्।देशभरीका सबै शहरको सडक र बजारहरू रंगीचंगी बिजुली बती रंगोली फूल-मालाए केराको थम्बा आधिले सजाइएको छ। यसैबीचए राष्ट्रिय राजधानी दिल्ली सहित देशका अन्य राज्यहरूमा दीपावलीको अवसरमा ठूलो संख्यामा मानिसहरूले स्वदेशी सामान र अन्य वस्तुहरूको खरीद गरिरहेको समाचार प्राप्त भइरहेको छ।दिपावलीको अवसरमा कुनै पनि अप्रिय घटनालाई रोक्नए दिल्ली सहित देशका विभिन्न राज्यहरूमा पुलिस प्रशासनले कडा सुरक्षा व्यवस्था गरेको छ। प्रमुख बजारहरूए भीडभाड भएका सार्वजनिक स्थानहरू र व्यावसायिक केन्द्रहरूमा विशेष सुरक्षा उपायहरू अपनाइएको छ। यसै गरि छिमेकी देश नेपालमा पनि धुमधान हर्ष उल्लासका साथ दिवाली पर्व मनाइन्दै छ। यस अवसरमा साँझ लक्ष्मीपूजा गरिने छ साथै केटीहरूले घर घर भैलो खेल्दै परिवारमा सुख शान्ति समृद्धी र सुस्वास्त्यको कामना गर्द छन्। भोली र पसरी पुरूषहरूले भगवान श्रीरामको स्मरण गर्दै देउसी खेल्ने छन् तथा घर परिवारको मंगलको कामना गर्दै भगवान श्रीराम अनि माता लक्ष्मीसित प्रार्थना गर्ने गर्छन्।

## दीपावली.राष्ट्रपतिध्उपराष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मु तथा उपराष्ट्रपति सी.पी. राधाकृष्णनले दिवालीको शुभ अवसरमा देशवासिहरूलाई बधाइ र शुभकामना दिनु भएको छ। आफ्नो संदेशमा, राष्ट्रपति मुर्मुले भन्नु भएको छ - दिवाली भारतको सबै भन्दा लोकप्रिय पर्वहरूमा एक होए जसलाई बड़ो धुमधाम अनि उत्साह र उमंगका साथ मनाइन्छ। उहाँले भन्नु भयो - यो पर्व अंधकारमाथि प्रकाश, अज्ञान माथि ज्ञान र नराम्रो माथि रोम्रोको विजयको प्रतीक हो। राष्ट्रपतिले अझ भन्नु भयो कि खुशीको यो चाँड़ आत्म.चिंतन र आत्म.सुधारको अवसर हो साथै आपसी प्रेम र भाईचाराको यसले ठूलो संदेश पनि दिन्दछ। उङाँले सबैसित सुरक्षितए ज़िम्मेवारीपूर्वक र पर्यावरणको अनुकूल तरीकाले दिवाली मनाउने आग्रह गर्नु भयो। राष्ट्रपति मुर्मुले यो पनि प्रार्थना गर्नु भयो कि यो दिवाली सबैका लागि सुखए शांति र समृद्धि ल्याओस।आफ्नो संदेशमा, उपराष्ट्रपति श्री राधाकृष्णनले भन्नु भयो दिवाली नराम्रो माथि राम्रो तथा अज्ञान

माथि ज्ञानको विजयको उत्सव हो। उहाँले देवी लक्ष्मीसित सबैलाई शांति, समृद्धि र सुस्वास्थ्यको आशीर्वाद प्रदान गरून भन्ने प्रार्थना पनि गर्नु भयो।प्रगानमंत्री नरेन्द्र मोदीले मानिसहरूलाई दिपावलीको बधि र शिभकामना दिन्दै भन्नु भएको छ -प्रकाशको यो पर्वले प्रत्येक मानिसको जीवनलाई सुख-समृद्धि अनि सौहार्दले आलोकित गर्नेछ।

## प्रधानमन्त्री - स्वदेशी

प्रधानमन्त्री नरेन्द्र मोदीले देशका नागरिकहरूलाई स्वदेशी उत्पादहरू खरिद गरीर चाडपर्वहरू मनाउने तथा 1.4 अर्ब भारतीयहरूको कडा परिश्रमको सम्मान गर्ने आह्वान गर्नुभएको छ। श्री मोदीले नागरिकहरूलाई चाडपर्वहरूमा खरिद गरिएका स्वदेशी उत्पादनहरू सामाजिक सञ्जालमा सेयर गर्न पनि आग्रह गर्नुभयो जसले अरूलाई स्वदेशी सरसामान खरीद गर्न प्रेरित गर्न सकोस्। MyGovIndia को पोस्टको जवाफ दिँदै, श्री मोदीले मानिसहरूलाई भारतमा बनेका उत्पादहरू किन्न र गर्वका साथ आफू स्वदेशी भएको बताउन आग्रह गर्नुभयो।प्रधानमन्त्रीको अपील स्थानीय उद्योग र कारीगरहरूलाई प्रवर्द्धन गर्ने, आत्मनिर्भरता र आर्थिक सशक्तिकरणको सन्देश फैलाउन, चलिरहेको राष्ट्रव्यापी आन्दोलनको बीचमा आएको हो। यस पहलको समर्थनमा, डलळवअप्दकपं ले "दिवाली मनाउनुहोस् र स्वदेशीलाई सशक्त बनाउनुहोस्" शीर्षकको विशेष अभियान सुरु गरेको छ, जसले नागरिकहरूलाई यस चाडपर्वको समयमा स्वदेशी उत्पादनहरू किन्न प्रतिज्ञा गर्न आग्रह गर्दछ। अभियानले स्थानीय कारीगरहरूलाई समर्थन गर्ने महत्त्वमाथि जोड दिन्छए जसको शिल्प र जीविकोपार्जन भारतको सांस्कृतिक र आर्थिक संरचनाको लागि महत्त्वपूर्ण छ। डलळवअप्दकपं ले हाइलाइट गरेको छ कि प्रधानमन्त्री मोदीले राष्ट्रका मानिसहरूसित भोकल फार लोकलको आग्रह बारम्बार गरिरहनुभएको छ। यो अन्तरक्रियात्मक अभियानले उपभोक्ताहरूमा जागरूकता र गौरवको लहर सिर्जना गर्ने लक्ष्य राखेको छए जसले व्यक्तिगत छनोटलाई राष्ट्रिय प्रगतिसँग जोड्दछ।भारतको स्वतन्त्रता संग्राममा गहिरो रूपमा जरा गाडेको स्वदेशी आन्दोलनले हालैका वर्षहरूमा सरकारको आत्मनिर्भर भारत पहलको प्रमुख स्तम्भको रूपमा पुन: गति लिएको छ। स्वदेशी उत्पादनहरूलाई प्रवर्द्धन गर्दै यस अभियानले स्थानीय अर्थतन्त्रलाई ठूलो टेवा दिने कामए रोजगारी सिर्जना गर्ने काम र आयातमा निर्भरतालाई कम गर्ने काम गरिरहेको छ।

## अयोध्या दीपोत्सव

उत्तर प्रदेशले हिज नौ औं दीपोत्सवको अवसरमा राम की पैड़ी सहित अयोध्याका ५६ घाटहरुमा २६ लाख १७ हज़ार २१५ दीया बालेर गिनीज़ वर्ल्ड रिकॉर्ड बनाएको छ। यस वर्ष एक अन्य विश्व रिकॉर्ड बनाएको छ । जसमा २ हजार १२८ वेदाचार्यहरुले सरयू नदी तटमा महाआरती गरे अनि श्लोकहरु पाठ गरे । हाम्रो संवाददाताले बताए अनुसार मुख्यमंत्री योगी आदित्यनाथ सहित अन्य मन्त्रीहरु पनि यस कार्यक्रममा उपस्थित थिए।

## दुबई . दीपावली

दीपोत्सवको चाडमा देश मात्र नभएर दुबई पनि आनन्द र उत्सवले उज्यालो भएको छ किनकि त्यहाँका बासिन्दाहरू र पर्यटकहरूले परम्परागत उत्साह र सांस्कृतिक जीवन्तताका साथ दीपावली मनाउँछन्। शहरभरिका सडकहरूए बजारहरू र ऐतिहासिक स्थलहरू बत्तीए संगीत र उत्सवको सजावटले उज्यालो हुन्छन्ए जसले यस भारतीय चाडको सारलाई कैद गर्दछ, जसले अँध्यारोमा प्रकाशको विजयको प्रतीक हो।षमिनी इन्डिया" भनेर चिनिने बुर दुबईमाए परम्परागत दियो र चम्किलो सजावटको पङ्क्तिले पसल र भवनहरू सजाएको छ, जसले उत्सवको दृश्य सिर्जना गर्दछ।

## अश्विनी.आनंद विहार दौरा

रेल मंत्री अश्विनी वैष्णवले रेलवे अधिकारिहरूका साथ हिजो राती आनंद विहार रेलवे स्टेशनको अचानक दौरा गर्नु भयो तथा दिवाली र छठ पर्वको मद्देनजर यात्रिहरूको लागि विशेष व्यवस्थाहरूको जानकारी लिनु भयो। यस अवसरमा उहाँले यात्रिहरूसित पनि कुराकानी गर्नु भयो तथा सुविधाहरूबारे उनीहरूको प्रतिक्रिया जन्नु भयो।श्री वैष्णवले एक सोशल मीडिया पोस्टमा भन्नु भएको छ दिवाली र छठ पर्वको अवसरमा दिल्लीका रेलवे स्टेशनहरूमा ठूलो संख्यामा यात्री आउने गर्दछन् तथा रेलवेले

उनीहरूके सुविधाका लागि व्यापक प्रबन्ध गरेको। उहाँले भन्नु भयो रेलवे स्टेशनहरूमा बनाइएका होल्डिंग एरिया र धैरै संख्यामा टिकट काउंटरहरूले यात्रालाई सहज बनाएको छ।उहाँले अझ भन्नु भयो रेल मंत्रालयले मुंबई, पुणे, सूरत, बेंगलुरु र सिकंदराबादका रेलवे स्टेशनहरूमा पनि एस्तै सुविधाहरू उपलब्ध गरैएको छ।

**.....बाइट. अश्विनी वैष्णव.....**

**यूएसए.नो किंग्स विरोध प्रदर्शन**

अमेरिकाका ५० राज्यहरूमा हज़ारोंको संख्यामा मानिसहरू नो किंग्स विरोध प्रदर्शन गर्दै सड़कहरूमा ओर्ले। राष्ट्रपति डोनाल्ड ट्रंपको प्रशासन र नीतिहरूको विरोधमा यो एउटा ठूलो राष्ट्रीय आंदोलन हो। मीडिया रिपोर्टहरू अनुसारए हिजो अमेरिकाका विभिन्न शहरहरूमा २,७०० भन्दा बढी स्थानहरूमा विरोध प्रदर्शनहरू गरियो जसमा झण्डै ७० लाख मानिसहरूले भाग लिएए जो यो वर्ष जूनमा भेका रैलिहरूको तुलनामा धैरै बढी छ। यी विरोध प्रदर्शनहरूको उद्देश्य सत्तावादलाई खारेज गर्नु र अमेरिकाको लोकतंत्रको रक्षा गर्नु रहेको छ।

**एशियाई युवा खेल**

एशियाई युवा खेलमाए भारतकी 15 वर्षीय ख़ुशीले हिज बहरीनमा कुराशमा कांस्य पदक जित्न सफल भइन्।70 किलोग्राम भार वर्गमाए छ पहलवानहरु बीच भएको मुकाबलामाएउनलाई सेमीफ़ाइनलमा उज़्बेकिस्तान की डी. तुर्सुनोवा बाट पराजित भइन् । कुराशए कुश्तीको एक पारंपरिक रूप हो जसको उत्पत्ति आधुनिक उज़्बेकिस्तानमा भएको थियो अनि यो विश्व को सबै भन्दा पुरानो मार्शल आर्ट मध्ये एक हो।यसको इतिहास लगभग साढे तीन हजार वर्ष पुरानो भएको बताइन्छ।

****** ० ******